# स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या १७ मितिः २०७८/०३/१६

## भाग–१

## घिरिङ गाउँपालिकाको पूर्वाधार विकासलाई व्यवस्थापन गर्न बनेको ऐन २०७८

# घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# घिरिङ गाउँपालिका पूर्वाधार विकासलाई व्यवस्थापन गर्ने बनेको ऐन - २०७८

स्विकृत मितिः २०७८/०३/१०

प्रमाणिकरण मिति : २०७८/०३/१४

प्रस्तावनाः घिरिङ गाउँपालिका क्षेत्रभित्र सन्तुलित वातावरणमैत्री, गुणस्तरीय तथा दीगोरूपमा पूर्वाधार संरचनाको विकास गर्न; विकासका पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनको प्रकृयामा सार्वजनिक निजी साझेदारी र स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै संघ, प्रदेश र विकास साझेदार संघसंस्था तथा निकाय समेतको सहकार्य र साझेदारिमा भौतिक पूर्वाधारको विकास र विस्तारमार्फत् आर्थिक विकास र समृद्धि सुनिश्चित गर्न; नागरिकले तिरेको करको समुचित उपयोग गर्दै समग्र विकास व्यवस्थापनको कार्यलाई प्रभावकारी तुल्याइ गुणस्तरीय र दीगो पूर्वाधार सेवामार्फत् नागरिकलाई स्थानीय सरकारको अनुभूती दिलाउँदै लोकतन्त्रका लाभहरूको वितरण गर्नको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम घिरिङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम : “घिरिङ गाउँपालिका पूर्वाधार व्यवस्थापन ऐन, २०७८” रहको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनुपर्छ ।

(ग) “गाउँपालिका” भन्नाले संविधानबमोजिम स्थापना भएको घिरिङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) “सभा” भन्नाले घिरिङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(च) “पूर्वाधार” भन्नाले यस ऐनमा अनसुचीमा उल्लेख भएबमोजिमका बिषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनुपर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू-सतहमा वा भमिूगत वा अन्य जुनसुकै अवस्थामा रहको पानी सम्झनुपर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समह वा सामुदायिक संस्थालाई सम्झनुपर्दछ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने विकास निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ट) "स्थानीय पूर्वाधार" भन्नाले स्थानीय स्तरमा संचालन गरिने पूर्वाधार विकास निर्माण एवम् संचालन र मार्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमलाई जनाउँछ ।

(ठ) "स्थानीय यातायात" भन्नाले स्थानीय स्तरका शहरी सडक, ग्रामिण सडक, हेलिप्याड, झोलुङ्गे पुल, मोटेरेबल पुल, आकाशे पुल, पैदल पुल, कल्बर्ट, केवलकार, आदि पर्दछन् ।

(ड) "सिचाई तथा नदि नियन्त्रण" भन्नाले तोकिएको (हेक्टर) क्षेत्रमा सिचाई सुविधा पुर्याउने सिचाई आयोजना, भूमिगत जल आयोजना र गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्साहरू, ताल तलैया आदिको नियन्त्रण सम्बन्धी कार्यक्रमहरू पर्दछन् ।

(ढ) "जलविद्त तथा वैकल्पिक उर्जा" भन्नाले तोकिएको क्षमतासम्मका जलविद्तको उत्पादन तथा वितरण र वैकल्पिक उर्जा सम्बन्धी आयोजनाहरू पर्दछन् ।

(ण) "खानेपानी, ढल निकास तथा सरसफाई" भन्नाले गाउँपालिका स्तरमा सञ्चालन गरिने खानेपानी आयोजनाहरू, ढल निकास र व्यक्तिगत, घरायसी तथा सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन एवम् वातावरणको सधार सम्बन्धी कार्यक्रमहरू पर्छन् ।

(त) "आवास, भवन तथा शहरी विकास" भन्नाले गाउँपालिकाभित्र गरिने वस्ती विकास, व्यक्तिगत, सामुदायिक तथा संस्थागत भवन निर्माण र शहरी विकास सम्बन्धी कार्यक्रम पर्छन् ।

(थ) "सामाजिक पूर्वाधार" भन्नाले गाउँपालिका स्तरका सामुदायिक र सार्वजनिक भवन (सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरञ्जन, पूरातात्वीक, सांस्कृतिक, धार्मिक, आदि) निर्माण, सञ्चालन एव्म मर्मत तथा सम्भार सम्बन्धी कार्यक्रम पर्दछन् ।

## परिच्छेद २
## स्थानीय यातायात

३. गाउँपालिका स्तरीय यातायात गुरुयोजना: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र यातायात व्यवस्थापनको लागि गाउँपालिका स्तरीय यातायात गरुयोजना वा एकिकृत विकास योजना तयार गर्नेछ ।

४. स्थानीयसडकहरूकोबर्गीकरण:(१)गाउँपालिकालेआफ्नोक्षेत्रभित्रसडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकताअनसार मापदण्ड बनाई सडकहरूको बर्गिकरण र बृहत्तर सडक सञ्जाल गर्न गाउँपालिका स्तरीय यातायात गरुयोजना वा एकिकृत विकास योजना तयार गर्नेछ । गाउँपालिकाले सडकको वर्गीकरण तोकिएबमोजिमको हुनेछ ।

५. मापदण्ड निर्धारण गर्ने :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरूमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्नसक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

६. सडकको आवागमनमा बाधा पुर्याउने नहुनेः (१) कसैले सार्वजनिक सडक, पैदल मार्ग वा सडकको क्षेत्राधिकारभित्र कुनै माल वस्तु छोडेको, राखको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याउन पाइनेछैन ।

७. झोलुङ्गे पुल, सडक पुल, केवल कार, साइकल लेन, पदमार्ग जस्ता पूर्वाधार निर्माण गरि स्थानीय यातायातलाई सहज र सर्वसुलभ बनाईनेछ।

८. सडकहरूको लगतकट्टा : (१) गाउँपालिका क्षेत्रभित्र रहेका सबै सडकहरूको लगतकट्टा गरि गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।

९. यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय स्तर तथा प्रादेशिक स्तरका सडकहरू तत् तत् निकायले मापदण्ड तोके अनसार हुनेछन् ।

## परिच्छेद ३
## सिचाई तथा नदि नियन्त्रण

१०. यस अन्तर्गत तोकिएको हेक्टर क्षेत्रमा सिचाई सुविधा पुर्याउने सिचाई आयोजना, भूमिगत जल आयोजना र गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्साहरू, आदिको नियन्त्रणसम्बन्धी कार्यक्रमहरू पर्दछन् । गाउँपालिकापाले सिचाई तथा नदी नियन्त्रणको हकमा तोकिए बमोजिमको हुनेछ ।

## परिच्छेद ४

## जलविद्त तथा वैकल्पिक उर्जा

११. यस अन्तर्गत तोकिएका क्षमतासम्मका जलविद्तको उत्पादन तथा वितरण र वैकल्पिक ऊर्जासम्बन्धी आयोजनाहरू पर्दछन् । गाउँपालिकाले जलविद्त तथा वैकल्पिक ऊर्जाको हकमा तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद ५

## खानेपानी, ढल निकास तथा सरसफाई

१२. यस अन्तर्गत गाउँपालिकास्तरमा सञ्चालन गरिने खानेपानी आयोजनाहरू, ढल निकास र व्यक्तिगत, घरायसी तथा सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन एव्म वातावरणको सुधारसम्बन्धी कार्यक्रमहरू पर्छन् । गाउँपालिकाले खानेपानी, ढल निकास तथा सरसफाईको हकमा तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद ६

## आर्थिक तथा सामाजिक पूर्वाधार

१३. यस अन्तर्गत गाउँपालिकास्तरका सामुदायिक र सार्वजनिक भवन (सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरञ्जन, पुरातात्वीक, सांस्कृतिक, धार्मिक, औद्योगिक आदि) निर्माण, सञ्चालन एवम् मर्मत तथा सम्भारसम्बन्धी कार्यक्रम पर्दछन् । गाउँपालिकाले सामाजिक पूर्वाधारको हकमा तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद ७

## आवास, भवन तथा गाउँ विकास

१४. यस अन्तर्गत गाउँपालिकाभित्र गरिने वस्ती विकास, व्यक्तिगत, सामुदायिक तथा संस्थागत भवन निर्माण र गाउँ विकास सम्बन्धी कार्यक्रम पर्छन् । गाउँपालिकाले आवास, भवन तथा गाउँ विकासको हकमा तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद ८

## पूर्वाधार आयोजना तर्जुमा

१५. स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूको विकासका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

१६. पूर्वाधार योजना तर्जुमा क्रममा तर्जुमाको क्रममा देहायबमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्नसक्ने खर्च र श्रोत

(घ) आयोजनाको कार्यन्वयन विधि

(ङ) स्थानीय स्तरबाट प्राप्त हुनसक्ने नगद, वस्गातुत श्रम र त्यस्तै अन्य योगदान, उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) सञ्चालन तथा व्यवस्थापनका स्वरूप

१७. लागत अनुमान तयार गर्नुपर्ने : गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सधार कार्यको लागि बजेट विनियोजन गर्नुपूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

## परिच्छेद ९
## पूर्वाधार आयोजना कार्यान्वयन

१८. पूर्वाधार आयोजनाको कार्यान्वयन:

(१) उपभोक्ता समिति, निर्माण व्यवसायी वा संघ संस्थामार्फत् हुनेछ । उपभोक्ता समितिमार्फत् गरिने कार्यहरूको हकमा गाउँपालिकाको उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापनसमबन्धी कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(२) सम्पन्न योजनाहरूको हस्तान्तरण: आयोजनाहरू सञ्चालन, व्यवस्थापन, संरक्षण, मर्मत सम्भारका लागि आवश्यकताअनुसार स्थानीय लाभग्राही समुदायलाई हस्तान्तरण गर्न सकिनेछ ।

(३) आयोजना निर्माणमा गुणस्तर सुनिशिचत गर्नको लागि निर्माण सामग्री परीक्षण प्रयोगशाला स्थापना गरि प्रयोगमा ल्याईनेछ ।

## परिच्छेद १०
## अनुगमन तथा मुल्याकन

१९. पूर्वाधार अनुगमन समितिको गठन : गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एव्म मर्मत सम्भार कार्यहरूको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि अनुगमन तथा मूल्याङ्कन समिति तोकिएबमोजिम गठन हुनेछ ।

२०. अनुगमनपश्चात निर्देशन दिन सक्ने :

(१) पूर्वाधार अनुगमन तथा मूल्याङ्कन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक

निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरूको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२१. आयोजनाको कार्यन्वयनमा समय, गुणस्तर, लागत र परिमाण सुनिश्चिताको लागि आवश्यकता अनुसार तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कन (Third Party Monitoring and Evaluation) र प्राविधिक परीक्षण (Technical Audit)

२२. अनुगमन समितिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११
## मर्मत सम्भार कोष

२३. पूर्वाधार मर्मत सम्भार कोषः

(१) गाउँपालिकाभित्र रहका गाउँस्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरूको नियमित तथा आवश्यकताअनसारको मर्मत सम्भार गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादिबाट प्राप्त रोयल्टि रकम तोकिएबमोजिम दाखिला गरिनेछ ।

(३) कोष सञ्चालन र सञ्चालन समिति : पूर्वाधार संरचनाहरूको मर्मत तथा पुनर्स्थापनाको लागि गाउँपालिका स्तरमा मर्मत सम्भार कोष स्थापना गरिनेछ र सो कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १२
## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

२४. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने : यस ऐन बमोजिम कुनै व्यक्ति, निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले पूर्वाधारहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा साझेदारी गर्न सक्नेछ । गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको कार्य गर्दा तोकिएबमोजिमको प्रकृया अनुसार हुनेछ ।

## परिच्छेद १२
## विविध

२५. दातृनिकायसँगको समन्वयमा पूर्वाधार विकास : प्रचलित कानूनबमोजिम हुनेगरि गाउँपालिकाले पूर्वाधार विकासका लागि दातृ निकायसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२६. संघ र प्रदेश सरकारसँगको सहकार्य र साझेदारीमा पूर्वाधार विकासका विभिन्न आयोजनाहरू सञ्चालन गरिनेछ ।

२७. अन्तर स्थानीय तह समन्वयः गाउँपालिकासँग जोडिने एकभन्दा बढी स्थानीय तह समट्ने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

२८. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२९. नियम निर्देशिका वा कार्यविधि, मापदण्ड वनाउन सक्ने: यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

३०. बचाऊ : यस ऐनअन्तर्गत पर्ने प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐनबमोजिम भएको मानिनेछ ।

आज्ञाले
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत